# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौं

प. सं. ०७५/७६
च. नं.

### सूचनाको हक कार्यान्वयन सम्बन्धमा राष्ट्रिय सूचना आयोग र सूचनाको हक कार्यमा विभिन्न पेशा, व्यवसायमा सक्रीय महिला अभियन्ताहरु संग भर्चुअल अन्तरक्रीया कार्यक्रमको प्रेस विज्ञप्ति

सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायको दायित्व र कानूनी प्रावधान बिषयक भर्चुअल अन्तरक्रिया कार्यक्रममा देशका विभिन्न जिल्लामा सूचनाको हक प्रवाहमा क्रियाशिल स्थानीय तहका उपप्रमुख, संचारकर्मी, अभियन्ता तथा कानून व्यवसायीहरुसंग राष्ट्रिय सूचना आयोगको आयोजनामा समन्वयात्मक भर्चुअल अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । भर्चुअल कार्यक्रममा आयोगको तर्फबाट प्रस्तुतीकरण आयोगका सूचना आयुक्त श्री कमला ओली थापाज्यूले गुर्न भएको थियो । प्रस्तुतीकरणमा सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीमा भएको व्यवस्था, सूचना अधिकारी तोक्ने विषय, स्वत: प्रकाशन गर्नुपर्ने विषय, सूचना माग गर्दा सूचना दिनुपर्ने विषय, सार्वजनिक निकायको दायित्वको विषय, आयोगले गरेका आदेशहरुको कार्यान्वयन सम्बन्धी विषय, आयोगले गरेको वेभ अनुगमन सम्बन्धी प्रतिवेदनको विषय, समावेश गरिएको थियो । कार्यक्रमका सहभागीहरुले सूचनाको हकको कार्यान्वयन गर्ने सन्दर्भमा आ-आफ्नो विचार राख्नु भएको थियो ।

आयोगको परिचय र कार्यक्रमको बारेमा तथा स्वागत मन्तव्य आयोगका सचिव श्री मणिराम ओभ्काज्यूले गर्नुभएको थियो । कार्यक्रमको समापन गर्नु हुँदै प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ्गज्यूले सबैलाई धन्यवाद दिई निरन्तर सूचनाको हकको लागी आयोग लागि रहने र सहभागीहरुलाई पनि सूचनाको हकमा निर्भिक भई कानूनको परिधिभित्र रही सूचना माँग गर्न र सो सम्बन्धमा कुनै समस्या आई परेमा आयोगमा प्रक्रियागत जानकारी गराउनु हुन समेत आग्रह गर्नुभयो । कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्य श्री दुर्गा भण्डारीले वक्ताको रुपमा सूचनाको हकका बारेमा उल्लेख गर्नु भयो र अन्य ७ जना सहभागीहरुले गुनासो र जिज्ञासा राख्नु भएको थियो । कार्यक्रमा ३५ जनाको सहभागीता थियो । प्रमुख सूचना आयुक्तज्यूले कार्यक्रममा उठेका प्रतिक्रिया र जिज्ञासाको जवाफ सहित कार्यक्रम सफल भएकोमा सबैलाई धन्यवाद ज्ञापन गरि कार्यक्रमको समापन गर्नुभयो ।

(कमला ओली थापा)
सूचना आयुक्त तथा प्रवक्ता

२०७७ असोज ३० गते शुक्रबार